# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

हाम्रा परम्परा, कला र संस्कृतिले हामीलाई विश्वमञ्चमा विशिष्ठ पहिचान दिएको छ । यसमा पनि हाम्रा रोचक तथा मोहक चाडपर्वहरुले हामीलाई थप समृद्ध बनाएका छन् । यस सन्दर्भमा आदिवासी शेर्पा समुदायले मनाउने २९५१ औं ग्याल्पो ल्होसार पनि एक महत्वपूर्ण पर्व हो । ल्होसार पर्वको यस सुखद् अवसरमा सम्पूर्ण नेपाली दाजुभाई एवं दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विशेषताले भरिपूर्ण रहेको छ । विविध विशेषताका कारण विश्वमानचित्रमा हाम्रो छुट्टै पहिचान बनेको छ । हाम्रो यो पहिचान निर्माणका लागि हाम्रा चाडपर्वहरुको उल्लेखनीय भूमिका रहेको छ । विभिन्न ल्होसार मध्ये ग्याल्पो ल्होसार पर्व हामी नेपालीहरुको राष्ट्रिय संस्कृतिको अभिन्न अंग बन्न पुगेको छ । यो पर्वले आपसी सद्भाव एवम् सहिष्णुता कायम गर्दै र राष्ट्रिय एकता हासिल गर्नका लागि सघाउ पुऱ्याउँदै आएको छ । साथै, हाम्रो देशको संस्कृति संरक्षणका लागि यस्ता चाडपर्व कोसेढुङ्गा सावित हुनेछन् भन्ने मलाई पूर्ण विश्वास पनि छ । अन्तमा, यस ग्याल्पो ल्होसार अर्थात नयाँ वर्षको उपलक्ष्यमा पुनः एक पटक सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**२०८० साल फागुन २८ गते, सोमबार ।**

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**